अनुसूची -२

## त्रियुगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाईघाट, उदयपुर

## कोशी प्रदेश, नेपाल

# आर्थिक ऐन, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर सभामा पेश गर्न बनेको ऐन

# त्रियुगा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** त्रियुगा नगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क सङ्कलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम त्रियुगा नगरपालिकाको आर्थिक ऐन, २०८२ रहेको छ।
(२) यो ऐन,२०८२ साल श्रावन १ गते देखि त्रियुगा नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२.सम्पत्ति करः** (१) नगरपालिका क्षेत्रभित्र अनुसूची -१ बमोजिम व्यक्तिको स्वामित्वमा रहेको जग्गा र संरचनामा सम्पत्ति कर लगाइने र असुल गरिनेछ।

(२)देहायको भौतिक संरचना(घर)मा उपदफा(१)बमोजिमको सम्पत्ति कर लाग्नेछैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर,

(ख) सरकारी अस्पतालको घर,

(ग) गुठीको स्वामित्वमा भएको घर,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर,

(ङ) मुनाफाको उद्धेश्य नराखी सञ्चालनमा भएका संघ, संस्थाको घर,

(च) धार्मिक संस्था(मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि)को घर,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युत गृह, शवदाह गृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका लागि निर्माण भएका घर,

(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगको घर,

(३) उपदफा (१) बमोजिम लगाईने सम्पति करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम लाग्ने सम्पत्ति कर यस आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट प्रदान गरिने छ।

(६) क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको नाममा रहेको घरमा लाग्ने सम्पत्ति करमा सत प्रतिशत छुट प्रदान गरिने छ।

(७) बाढी, पहिरो, आगलागी तथा अन्य विपद्बाट पूर्ण क्षति भएका घरहरुको सम्पत्ति करमा सत्प्रतिशत छुट प्रदान गरिनेछ।

**३.भूमि कर/ मालपोतः** (१) नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लागु हुनु भन्दा अगाडिको हकमा अनुसूची -२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोत र भूमिकरको दर अनुसूची (४) मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लाग्ने मालपोत र भूमिकर सोही आ.व.को असोज मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट प्रदान गरिनेछ।

(४) उपदफा (१) बमोजिम मालपोत र भूमिकर नबुझाई बक्यौता रहेमा बक्यौता रहेको पहिलो आ.व. मा २०% र त्यसपछिका वर्षहरुमा क्रमश ३०% का दरले थप जरिवाना लाग्नेछ।

(५) बाढी, पहिरो तथा अन्य विपद्बाट पूर्ण क्षति भएका जग्गाहरुको मालपोत र भूमिकरमा सत्प्रतिशत छुट प्रदान गरिनेछ।

(६) क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको नाममा श्रेस्ता कायम भएको जग्गाको मालपोत/ भूमिकरमा ५० प्रतिशत छुट प्रदान गरिनेछ।

**४. घर जग्गा बहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर बहाल कर लगाइने र असुल गरिनेछ।

(२) उफादफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्युनतम बहाल मुल्य तोकी सोही आधारमा बहाल कर निर्धारण गरी कर लिन सक्ने छ।

(३) उफादफा (१) बमोजिम घरधनीले घर वा जग्गा बहालमा लगाएमा संस्थागत बहाल कर बाहेक घरधनीले प्राप्त गर्ने बहाल कर आय मध्ये स्वघोषणाको आधारमा नगरपालिकाले कम्तीमा तीन महिनाको बहाल कर लिन सक्नेछ।

(४) उफादफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करमा सोही आर्थिक वर्ष तिर्नुपर्ने बहाल कर नतिरेमा पहिलो आर्थिक वर्ष १० प्रतिशत, दोस्रो आर्थिक वर्ष २० प्रतिशत, र बाँकी थप आर्थिक वर्षमा ३० प्रतिशतका दरले जरिवाना लगाईने छ।

**५. व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार,व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाईने र असुल गरिने छ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार,व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

(३) उपदफा (१) बमोजिम व्यापार,व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिने छ।इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिमको इजाजत (दर्ता) बिना त्रियुगा नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय वा सेवा सञ्चालन गर्न पाइँदैन । नगरपालिकामा दर्ता(इजाजत) नभई सञ्चालन गरिएको व्यापार, व्यवसाय वा सेवामा ' नगरपालिकाको अनुगमनका क्रममा अनुसूची-१३ मा उल्लेखित दरले जरिवाना गरिनेछ ।

(५) उपदफा(३)बमोजिम अपाङ्गता भएका व्यक्ति,एकल महिला र सदा समुदायका व्यक्तिको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने सत प्रतिसत छुट दिइने छ। नविकरण शुल्कमा भने छुट प्रदान गरिने छैन।

**६. जडीबुटी, कवाडी, जीवजन्तु कर/वन पैदावार करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची-५ बमोजिम कर लगाइने र असुल गरिनेछ। वन पैदावार सम्बन्धी सम्पूर्ण दर कोशी प्रदेशको आर्थिक ऐन बमोजिम असुल गरिनेछ।

**७. सवारी साधन करः** यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची –६बमोजिम सवारी साधन कर लगाइने र असुल गरिने छ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असुल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची - ९ मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिने छ। ऐलानी जग्गाको हकमा अनुसूची -९ मा उल्लेख भए अनुसार नै बहाल बिटौरी शुल्क असुल गरिनेछ।

**११. सडक उपयोग शुल्क पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई सडक उपयोग सुविधा उपलब्ध गराएर बापत अनुसूची - १० बमोजिम सडक उपयोग शुल्क पार्किङ शुल्क लगाइने र असुल गरिनेछ।

**१२. सेवा शुल्क दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन व्यवस्थापन गरेका अनुसूची -११ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ।

**१३. पर्यटन शुल्कः** नगरपालिकाले आफनो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसूची-१२ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१४. दण्ड जरिवाना र नियमित दस्तुरः** नगरपालिकाले आफनो क्षेत्रभित्र नगरपालिकाको स्वीकृत विना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र नगरपालिकाबाट स्वीकृत मापदण्डभित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची-१३ मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाइने र असुल गरिनेछ।

**१५. भाडामा लगाउन सक्नेः** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची (१५) मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

**१६. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो विधयेकमा भएको व्यवस्था अनुसारको कर तथा शुल्क उठाउने प्रक्रियाको सम्वन्धमा आवश्यक ठानेमा कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नगरपालिकाले जारी गर्न सक्नेछ।

**१७. दर घटाउन, बढाउन वा छुट दिन सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि त्रियुगा नगरपालिकाले **प्राकृतिक विपद् वा यस्तै विशेष अवस्थामा** यस ऐन वा अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नगर सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असूल गरी सो रकम बराबर जरिवाना गरिनेछ।

(४) उपदफा (१) बमोजिमको कर छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ।

(५) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउनेछ।

(६) उपदफा (१) बमोजिम कर तथा गैरकर राजश्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ।

(७) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन , बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोको आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।

(८) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर, स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१८. ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन , बमोजिम संकलन गर्ने कर, सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ। तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्काबाट संकलन गर्न सकिनेछ।

**१९. प्रचलित कानून बमोजिम हुने** : यस ऐन मा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**अनुसूची–१**

**(दफा २ संगसम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दररेट (आ.व. २०८२र८३)**

| कर योग्य सम्पत्तिको मूल्य | दर ( बार्षिक) |
|---|---|
| रु.१,००,०००।— सम्म | १०० |
| रु.१,००,००१।- देखि रु.२,५०,०००।— सम्म | १२० |
| रु.२,५०,००१।— देखि रु.५,००,०००।— सम्म | १५० |
| रु.५,००,००१।— देखि रु.१०,००,०००।— सम्म | २४० |
| रु.१०,००,००१।— देखि रु.१५,००,०००।— सम्म | ३३० |
| रु.१५,००,००१।— देखि रु.२०,००,०००।— सम्म | ४५० |
| रु.२०,००,००१।— देखि रु.२५,००,०००।— सम्म | ८२५ |
| रु.२५,००,००१।— देखि रु.३०,००,०००।— सम्म | ११०० |
| रु.३०,००,००१।— देखि रु.३५,००,०००।— सम्म | १४३० |
| रु.३५,००,००१।— देखि रु.४०,००,०००।— सम्म | २०९० |
| रु.४०,००,००१।— देखि रु.४५,००,०००।— सम्म | २६४० |
| रु.४५,००,००१।— देखि रु.५०,००,०००।— सम्म | ३३०० |
| रु.५०,००,००१।— देखि रु.६०,००,०००।— सम्म | ४०७० |
| रु.६०,००,००१।— देखि रु.७०,००,०००।— सम्म | ५७२० |
| रु.७०,००,००१।— देखि रु.८०,००,०००।— सम्म | ७१५० |
| रु.८०,००,००१।— देखि रु.९०,००,०००।— सम्म | ८८०० |
| रु.९०,००,००१।— देखि रु.१,००,००,०००।— सम्म | ११००० |
| रु.१,००,००,००१।— देखि रु.१,२०,००,०००।— सम्म | १४३०० |
| रु.१,२०,००,००१।— देखी रु.१,४०,००,०००।— सम्म | १६५०० |
| रु.१,४०,००,००१।— देखि रु.१,६०,००,०००।— सम्म | १८७०० |
| रु.१,६०,००,००१।- देखि रु.१,८०,००,०००।— सम्म | २०३५० |
| रु.१,८०,००,००१।- देखि रु.२,००,००,०००।— सम्म | २२००० |
| रु.२,००,००,००१।- देखि रु.२,२५,००,०००।— सम्म | ३८५०० |
| रु.२,२५,००,००१।- देखि रु.२,५०,००,०००।— सम्म | ४४००० |
| रु.२,५०,००,००१।- देखि रु.२,७५,००,०००।— सम्म | ५५००० |
| रु.२,७५,००,००१।- देखि रु.५,००,००,०००।—सम्म | ६६००० |
| रु.५,००,००,००१।—भन्दामाथि जति सुकै भएपनि | प्रतिहजार रु.२।-कादरले लाग्ने छ |

**सम्पत्तिको मूल्याङ्कन आधार तथा दर निर्धारण सम्बन्धी व्यवस्था**

१.घर जग्गाको आकार, प्रकार, बनौट वा उपयोग वा अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था ।

२.नागरिकको जीवनस्तर, आर्थिकस्तर र खर्च गर्न सक्ने क्षमता ।

३.अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य,

**सम्पत्ति करको दर निर्धारण सम्बन्धी व्यवस्था**

१.प्रत्येक आर्थिक वर्षको श्रावण १ गते करदाताको नाममा रहेको जग्गा तथा संरचनालाई त्यस वर्ष निजको स्वामित्वमा रहेको सम्पत्ति मानी त्यसै बमोजिम मूल्याङ्कन तथा कर निर्धारण गरिनेछ।
२.प्रत्येक व्यक्तिको स्वामित्वमा रहेको नगरक्षेत्र भित्रका सम्पूर्ण सम्पत्तिलाई एकै ठाउँमा राखी मूल्याङ्कन गरिनेछ।
३.नगरपालिका क्षेत्रमा जग्गाको मूल्याङ्कन गर्दा प्रचलित बजार भाउ अनुसार जग्गाको मूल्याङ्कन गर्न निम्न विधिलाई प्रयोगमा ल्याइनेछ।
४.करदाताबाट सम्पत्ति विवरण दाखिला गर्दा पेश गरेको आफ्नो जग्गाको चलनचल्तीको मूल्यलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमा लिन सकिनेछ।
५.मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मूल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमा लिइनेछ।

**सम्पत्तिकर प्रयोजनको लागि संरचनाको दर रेट तपसिल अनुसार लिईने छ।**

| सि न | संरचनाको किसिम | प्रस्तावित दर रेट (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | आर.सी.सी.फ्रेम स्ट्रक्चर | १८०० |
| २ | आर.सी.सी.छानो विना पिलर | १४०० |
| ३ | माटोको जोडाइमा आर.सी.सी. | ६०० |
| ४ | सिमेन्ट जोडाइमा टिनको छाना | ८०० |
| ५ | माटोको जोडाइमा जस्ता ,टायलको छाना | ५९० |
| ६ | सिमेन्ट जोडाइमा जस्ता,टायलको छाना | ६७५ |
| ७ | काठको घर | ३२० |
| ८ | कच्ची घर | २४५ |

अनुसुची–२

(दफा ३ सँग सम्बन्धित)

# नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मालपोत करको दर

<table>
<tr><td colspan="6">मालपोत कर</td></tr>
<tr><td colspan="6">यस नगरपालिकामा आ.व.२०६२/०६३ देखि एकीकृत सम्पत्ति कर लागु भएकोले बाँकी वक्यौता मालपोत उठाउन निम्नानुसारको मालपोत कर लिने र त्यस्तो करमा आ.व.२०६२/०६३ मा कुल तिर्नुपर्ने रकमको ५% जरिवाना लाग्नेछ। त्यसपछिका प्रत्येकवर्ष क्रमशः दोब्वर जरिवाना कायम गरी मालपोत असूल गरिने छ।</td></tr>
<tr><td colspan="6">१) डेढ विगहा वा सो भन्दा कमजग्गा हुने जग्गावालाको जग्गामा</td></tr>
<tr><td>जग्गाको वर्गीकरण ईकाई प्रतिकठ्ठा</td><td>इकाई प्रति कठ्ठा</td><td>अवल</td><td>दोयम</td><td>सीम</td><td>चहार</td></tr>
<tr><td>धनहर भिट</td><td>प्रतिकठ्ठा</td><td>४।५०</td><td>३।६०</td><td>३।४०</td><td>२।६०</td></tr>
<tr><td colspan="6">२) तीन विगाहा वा सो भन्दाकम जग्गा हुने जग्गावालाको जग्गामा</td></tr>
<tr><td>जग्गाको वर्गीकरण</td><td>इकाई प्रतिकठ्ठा</td><td>अवल</td><td>दोयम</td><td>सीम</td><td>चहार</td></tr>
<tr><td>धनहर भिट</td><td>प्रतिकठ्ठा</td><td>८।००</td><td>५।६०</td><td>४।००</td><td>३।००</td></tr>
<tr><td colspan="6">३) तीन विगाहा वा सो भन्दा वढी जग्गाहुने जग्गावालाको जग्गामा</td></tr>
<tr><td>जग्गाको वर्गीकरण</td><td>इकाई प्रतिकठ्ठा</td><td>अवल</td><td>दोयम</td><td>सीम</td><td>चहार</td></tr>
<tr><td>धनहर भिट</td><td>प्रतिकठ्ठा</td><td>२५।००</td><td>२०।००</td><td>१६।००</td><td>१४।००</td></tr>
<tr><td colspan="6">द्रष्टव्यः मालपोत कुल रकम वार्षिक रु. १५।—भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत रकम रु. १५।— लिने ।</td></tr>
</table>

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

## घरजग्गा बहाल कर

**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाईने छ।**

| क्र.सं. | विवरण | प्रयोजन | रकम प्रतिशत |
|---|---|---|---|
| १ | नगरक्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि । | (क)संघ/संस्था,कार्यालय, उद्योग | १० % |
| | | (ख) व्यापार/ व्यवसाय | १० % |
| | | (ग) आवास प्रयोजनको लागि | ५ % |
| | | (घ) कृषि प्रयोजनको लागि | २ % |

| | | |
|---|---|---|
| २. | बहाल कर अनुसूची-१४ मा वडागत प्रस्ताव भएको व्यवसायिक प्रयोजनको लागि मासिक घर वहालको न्युनतम दर बमोजिम हुनेछ। | |
| ३. | प्रत्येक वडाको मुख्य सडकभन्दा भित्री सहायक सडक क्षेत्रमा व्यवसायिक प्रयोजनका लागि काठको घर, टहरा वा छाप्रोमा न्यूनतम मासिक घर भाडा तिरेर व्यवसाय सञ्चालन गरिरहेको भएमा, सो व्यवसाय वडा कार्यालयबाट सर्जिमिन मुचुल्कासहित सिफारिस गरिएको खण्डमा, सोही व्यवसायलाई घर बहाल सम्झौताका आधारमा ५० प्रतिशतसम्म कम भाडा दर मान्य गरी दर्ता तथा नवीकरण गर्न सकिनेछ। **तर,** मदन भण्डारी राजमार्गको उत्तर तथा दक्षिण तर्फ ५०० मिटर भित्रको क्षेत्रमा भने अनुसूची–१४ मा उल्लेखित व्यवस्था अनिवार्य रूपमा लागू हुनेछ। | |
| ४. | डिपार्टमेन्ट स्टोर, सवारी साधन शोरुम,मार्ट लगायतमा पहिलो तला २५ हजार थप प्रति तला १५ हजारका दरले वहाल कर लिईने छ। | |

अनुसूची–४
(दफा ५ सँग सम्बन्धित

# व्यवसाय कर

क) व्यापारिक वस्तु

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | चुरोट, रक्सी पसल | ३००० | २००० | १००० |
| २ | मदिराको डिलर | ५००० | | |
| ३ | ज्वेलर्स पसल ग २० लाख, ख ५० लाख क ५० माथि | ६००० | ४००० | ३००० |
| ४ | निर्माण सामाग्री बिक्रेता | ६००० | ४००० | ३००० |
| ५ | विद्युत सामान, टेलिभिजन, क्यामरा रेडियो, मोबाइल आदि | ३००० | २००० | १००० |
| ६ | पेट्रोलियम पदार्थ विक्रेता(पेट्रोल,डिजल), ई. भि. चार्जिङ्ग स्टेशन | १०००० | | |
| ७ | मट्टीतेल विक्रेता | | | १५०० |
| ८ | विविध सामग्रीहरु सप्लाई गर्ने | ६००० | ४००० | २००० |

ख) दैनिक उपभोग खाद्यपदार्थ, सुति कपडा आदिको खुद्राव्यापार ।

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | किराना पसल | १२०० | १००० | ८००० |
| २ | मनिहारा वा श्रृगांर पसल | १२०० | १००० | ८०० |
| ३ | पान तथा अन्य | १००० | ८०० | ५०० |
| ४ | गल्ला खरिद बिक्री | २५०० | १५०० | १००० |
| ५ | फलफूल, तरकारी पसल | १००० | ८०० | ५०० |
| ६ | जुत्ता चप्पल | २००० | १५०० | १००० |
| ७ | भाँडावर्तन  पसल | २००० | १००० | ८०० |
| ८ | स्टेस्नरी पुस्तक पसल | १२०० | १००० | ८०० |
| ९ | चस्मा घर तथा घडी बिक्री पसल | १००० | ८०० | ५०० |
| १० | कपडा पसल | ४००० | ३००० | १५०० |
| ११ | तयारी कपडा तथा अन्य | ३००० | २००० | १००० |
| १२ | चिया, नास्ता, मिठाई पसल | १२०० | ८०० | ५०० |
| १३ | होटल (खाना खुवाउने) | १२०० | १००० | ८०० |
| १४ | होटल, रेष्टुरेन्ट एण्ड लज | ५००० | ३००० | २००० |
| १५ | लज | २००० | १५०० | १००० |
| १६ | फर्निचर पसल | ३००० | २००० | १००० |
| १७ | मलखाद्य, किटनाशक औषधी बिक्री | १२०० | १००० | ८०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | कोल्ड डिङ्रिक्स पसल | २००० | १५०० | १००० |
| १९ | विविध मिक्स पसल जेनरल स्टोर (ईलेक्ट्रानिक्स तथा अन्य) | ३००० | २००० | १००० |

**ग) विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवाहरु**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | चिकित्सक | २००० | १५०० | १००० |
| २ | कविराज | ३००० | २००० | १५०० |
| ३ | ईन्जनियरीङ्ग सेवा | ४००० | ३००० | २००० |
| ४ | कानुन व्यावसायी | ३००० | २००० | १५०० |
| ५ | लेखा परीक्षक | ५००० | ३००० | २५०० |
| ६ | दन्त चिकित्सक | ३५०० | २५०० | २००० |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | २००० | १५०० | १००० |
| ८ | कम्प्युटर एनलिष्ट तथा प्रोग्रामर | २००० | १५०० | १२०० |
| ९ | बीमा एजेन्ट | २००० | १५०० | १००० |
| १० | सर्भेयर | ३५०० | २५०० | २००० |
| ११ | पशु चिकित्सक | ३५०० | २५०० | २००० |
| १२ | शेयर दलाल | ४,००० | २५०० | १५०० |
| १३ | सामान ढुवानी तथा कम्पनी | ४,००० | २००० | १५०० |

**घ) निर्माण व्यवसाय नगरपालिकामा प्रधान कार्यालय भएको**

**क श्रेणी रु १५,००० ।- ख श्रेणी रु १०००० ।- ग श्रेणी रु ७५००।-घ श्रेणी रु.३०००।-**

**ङ ) उत्पादनमूलक उद्योग**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | मदिरा उत्पादक | १०००० | ८००० | ६००० |
| २ | ईटा उद्योग | १०००० | | |
| ३ | स्टेशनरी उद्योग | ७५०० | | |
| ४ | साबुन उद्योग | ३००० | | |
| ५ | ग्रील उद्योग | ५००० | ४००० | ३००० |
| ६ | बिस्कुट उद्योग (साना घरेलु ) | ३००० | २५०० | १५०० |
| ७ | डेरी उद्योग | ३००० | २५००० | १५०० |
| ८ | प्लास्टिक उद्योग | ३००० | २५०० | १५००० |
| ९ | जुताचप्पल उद्योग | ३००० | २५०० | २००० |
| १० | हस्तकला उद्योग | ३००० | २५०० | १५०० |
| ११ | साना हस्तकला घरेलु उद्योग | | | ५०० |
| १२ | चाउचाउ उद्योग | ३००० | २५०० | २००० |
| १३ | अन्य उद्योग | ६००० | ४००० | २००० |
| १४ | गिट्टी बालुवा प्रसोधन उद्योग | २०००० | | |

| | | |
|---|---|---|
| १५ | क्रसर उद्योग (ढुङ्गा, गिटी, वालुवा सहित) | ५०००० |
| १६ | लघु उद्योग (उद्यम शाखाको सिफारिसमा) | १०० |

**च) उर्जा मुलक उद्योग**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | गोबर ग्यास कम्पनी | ५००० | २५०० | २००० |
| २ | सोलार कम्पनी | ५००० | २५०० | २००० |
| ३ | कोईला तथा प्रकृति तेल ग्यास उद्योग | ५००० | २५०० | २००० |
| ४ | कृषि तथा पशु फर्म एकल उद्देश्य | २००० | १५०० | १००० |
| ५ | कृषि तथा पशु फर्म बहुउद्देश्य | ४००० | २५०० | १५०० |

छ ) कृषि तथा वन जन्य उद्योग

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १. | काठ चिर्ने मिल | २५००० | | |
| २. | फर्निचर उद्योग | ६००० | ५००० | ४००० |
| ३. | जडबुटी प्रसोधन केन्द्र | ३००० | २५०० | १५०० |
| ४. | कृषिजन्य मल तथा बिउबिजन उत्पादन | २००० | १५०० | १००० |
| ५. | सामुदायिक वन उपभोक्ता समूह | ४००० | ३००० | २५०० |

**ज ) सेवा उद्योग**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | छापाखाना | ८००० | ६००० | ४००० |
| २ | शीत भण्डार | ५००० | ४००० | ३००० |
| ३ | कलर ल्याव | ५००० | | |
| ४ | फोटो स्टुडियो | २००० | १५०० | १००० |
| ५ | विमान सेवा शाखा | ५००० | ३००० | १००० |
| ६ | बैन्ड बाजा सेवा | १५०० | १००० | ५०० |
| ७ | सवारी साधन भाडामा दिने | ५००० | ३००० | १००० |
| ८ | सिनेमा हल | ३००० | | |
| ९ | अफसेट प्रिन्ट उद्योग | ६००० | ३५०० | २५०० |
| १० | सार्वजनिक परिवहन व्यवसाय(टान्सपोर्ट) | ५००० | ३००० | १००० |
| ११ | विभिन्न एजेन्सीहरु(ट्राभल,बीमा आदी) | ५००० | ३००० | १००० |
| १२ | बैदेशिक रोजगारको मुख्य कार्यालय | १०००० | | |
| १३ | बैदेशिक रोजगारको शाखा कार्यालय | ५००० | | |

**झ) सञ्चार सेवा**

| सि.नं. | विवरण | "क" श्रेणी | "ख" श्रेणी | "ग" श्रेणी |
|---|---|---|---|---|
| १ | कुरियर सेवा | १००० | ७०० | ४०० |
| २ | पि. सि.ओ. सेवा | १००० | ७०० | ४०० |
| ३ | छपाई तथा प्रकाशन | २००० | १२०० | १००० |
| ४ | एफ. एम. रेडियो | २००० | १५०० | १००० |
| ५ | साईबर | १००० | - | - |
| ६. | मिडिया एजेन्सी | २००० | | |
| ७. | इन्टरनेट सेवा प्रदायक | ३५०० | | |

**ञ) वित्तीय सेवा**

| क्र.सं | क वर्गः<br>वाणिज्य बैंक | ख बर्गः<br>विकास बैंक | ग वर्गः<br>फाईनान्स | घ वर्गःलघुवित्त |
|---|---|---|---|---|
| नेपालसरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने बैंक तथा वित्तियसंस्था | रु. ५०००० | रु. २५००० | रु. २०००० | रु २०००० |
| बिमा कम्पनि शाखा कार्यालय रु २०००० | | | | |
| मनिट्रान्सफर शाखा कार्यालय रु. १५००० र मुख्य शाखा रहेमा रु. २५००० | | | | |

| सि न | | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | सहकारी संस्थाहरु (वहुद्देश्य समेत) | २,००० | | |
| २ | बिदेशी मूद्रा सटही गर्ने बैंक | २००० | १५०० | १००० |
| ३ | ग्रामीण स्वालम्बन बैंक | १५००० | | |
| ४ | धितोपत्र कारोवार गर्ने बैंक | २,००० | १,५०० | १,००० |

**ट) स्वास्थ्य सेवा**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | गैर सरकारी अस्पताल तथा रिसर्च सेन्टर | | १५००० | |
| २ | नर्सिङ्ग होम | | १५,००० | |
| ३ | पोलिक्लिनिक | | ३,५०० | |
| ४ | औषधी पसल | | ३,००० | |
| ५ | क्लिनिक तथा ल्याव | | ३५०० | |
| ६ | निजीक्षेत्रको प्राविधिक शिक्षालय | | १०,००० | |

**ठ) शिक्षा सेवा (निजी क्षेत्र)**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | निजी क्षेत्रको क्याम्पस | १0000 | ८,000 | ५000 |
| २. | निजीक्षेत्रको माध्यमिक विद्यालय | २0000 | १५000 | १0000 |
| २ | निजी क्षेत्रको आधारभुत विद्यालय | ५000 | ४,000 | ३000 |
| ३ | तालिम तथा अनुसन्धान केन्द्र | ३000 | २,000 | १000 |
| ४ | टाईपिङ्ग , कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३000 | २,000 | १000 |
| ५ | लोकसेवा तयारी कक्षा तथा ट्युसन सेन्टर | २000 | १५00 | १000 |
| ५ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | १0000 | ८,000 | ५000 |
| ६ | गैर सरकारी संस्था | ५000 | ३,000 | २000 |
| ७ | टोल विकास संस्था दर्ता | | ५00 | |

**ड) मर्मत संभार सेवा**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | मोटरसाइकल, टेम्पो आदि | | १,५00 | |
| २ | हेभी ईक्विपमेन्ट वस, ट्रक, कार ट्रयाक्टर आदि | | २५00 | |
| ३ | रेडियो ,टि.,भी. कम्युटर तथा विद्युतिय सामान मर्मत केन्द्र | | १,000 | |
| ४ | भाँडावर्तन सुनचादी फलामे वस्तु मर्मत | | १,000 | |
| ५ | छाला ज्याकेट मर्मत विक्री पसल | | ७00 | |
| ६ | इलेक्ट्रोनिक सामान मर्मत | | ७00 | |
| ७ | साइकल मर्मत | | ७00 | |

**ढ) अन्य सेवा**

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | मसाज केन्द्र | ५,000 | ४000 | ३000 |
| २ | कपडा समेत भएको टेलर | २,000 | १,५00 | १000 |
| ३ | ब्युटी पार्लर, सैलुन | २000 | १५00 | १२00 |
| ४ | ड्राई क्लिनिर्स | | १,000 | |
| ५ | जुत्तासिलाई विक्री | | ५00 | |
| ६ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद विक्री (रियल स्टेट) | | १५,000 | |
| ७ | वैदेशिक रोजगार सेवा | | १५,000 | |
| ८ | स्वदेशी रोजगार सेवा | | ३,000 | |
| ९ | सेक्रटेरी सेवा | १,५00 | १,२00 | १,000 |
| १0 | साइनवोर्ड वनाउने पेन्टिङ सेवा | १,000 | ८00 | ५00 |
| ११ | पशु बधशाला | २,000 | १,५00 | १,000 |
| १२ | मासु विकेता | १,000 | ८00 | ५00 |
| १३ | कवाडीखाना | २,000 | १५00 | १000 |

| | | | | |
|---|---|---|---|---|
| १४ | टेलरिङ सेवा,बुटिक | १५०० | १००० | |
| १५ | लाउड स्पीकर भाडामा लगाउने | १,००० | ८०० | ५०० |
| १६ | विज्ञापन सेवा | **२०००** | | |
| १७ | स्नूकर खेल केन्द्र | १,५०० | | |
| १८ | पोल्ट्री फर्म | ३,००० | २००० | १,००० |
| १९ | वेल्डिङ्ग सेवा | १,५०० | १,००० | ५०० |
| २० | आईसक्रिम | २,००० | १,००० | ५०० |
| २१ | पाउरोटी/विस्कुट उद्योग | १,५०० | १,००० | ५०० |
| २२ | झिगटी/टायल उद्योग | २,००० | १,५०० | १,००० |
| २३ | स्वीटर उद्योग | १,००० | ८०० | ५०० |
| २४ | बरफ उद्योग | ३,००० | १,५०० | ८०० |
| २५ | आईसक्रिम उद्योग | ३,००० | १,५०० | ८०० |
| २६ | कंक्रिट उद्योग | ३००० | २००० | १,५०० |
| २७ | थुक्पा उद्योग | १,००० | ८०० | ५०० |
| २८ | सिसा पसल | २,००० | १,५०० | १००० |
| २९ | निजी स्तरमा डिम्स एन्टेना राखी वितरण गर्ने | | १०,००० | |
| ३० | छाला विक्री | | ५०० | |
| ३१ | उपहार कार्यक्रम | २,००० | १,५०० | १००० |
| ३२ | डिपार्टमेन्टल स्टोर्स | | ३०,००० | |
| ३३ | रेन्टल तथा क्याटरी सेवा | २,००० | १,५०० | १,००० |
| ३४ | वेकरी क्याफे | १,५०० | १,००० | ८०० |
| ३५ | ड्राइभिङ्ग ईन्स्टिच्युट | | ४००० | |
| ३६ | पार्क पिकनिक स्पोर्ट | २,००० | १,५०० | ८०० |
| ३७ | व्यायम साला | १,२०० | १००० | ८०० |
| ३८ | सवारी साधन पार्ट पुर्जा (स्पेयर पार्टस) | ५,००० | ३५०० | २००० |
| ३९ | मोटरसाइकल बिक्री सो रुम | ७,००० | ५,००० | २,५०० |
| ४० | बस, ट्रक, जिप, कार, ट्याक्टर डिलर | | १५००० | |
| ४१ | साईकल बिक्री सो रुम | २५०० | २००० | १५०० |
| ४२ | राईस मिल(कुटानी पिसानीं) | १५०० | १००० | ८०० |
| ४३ | व्याग पसल | १,५०० | १००० | ८०० |
| ४४ | टेण्ट हाउस तथा पाटि प्यालेस | | ३,००० | |
| ४५ | होम टि.भि. बितरक | | ६,००० | |
| ४६ | सवारी साधन संचालन गर्ने प्रा लि | | ६,००० | |
| ४७ | स्वीमिङ्ग पुल | | ७,००० | |
| ४८ | स्नुकर/पुल हाउस | | १००० | |
| ४९ | खेलकुद तथा स्पोर्टस पसल | | ८०० | |
| ५० | फुटसल/स्केट पार्क | | ३५०० | |

| | |
|---|---|
| | |
| | १) चालु पुँजी र स्थिर पुँजी गरी जम्मा रु. २ लाख सम्म भएमा "ग" वर्ग |
| | २) चालु पुँजी र स्थिर पुँजी गरी जम्मा रु. १० लाख सम्म भएमा "ख" वर्ग |
| | ३) चालु पुँजी र स्थिर पुँजी गरी जम्मा रु. १० लाख भन्दा माथि भएमा "क" वर्ग |
| **द्रष्टव्यः-व्यवसायको वर्ग विभाजन निम्नानुसार कायम गरिनेछ।** | ४) सामुदायिक वन उपभोक्ता समुह गत आर्थिक वर्षको कारोवार वा वार्षिक कार्यक्रम अनुसारको रु. एक लाख सम्मको कारोवार- "ग",एक लाख एक देखी पाँच लाख सम्म-"ख", रु. पाँच लाख भन्दा माथि "क" |
| | **पुनश्च :-** नगरपालिकाबाट तोकिएको अवधिमा नगर क्षेत्रमा व्यापार-व्यवसाय संचालन गरे वापत वार्षिक रुपमा तिर्नु पर्ने रकम नतिरे थप जरिवाना लाग्नेछ। |
| | क) व्यवसायी प्रमाण पत्र वापत रु.१०० |
| | ख) व्यवसायी प्रमाण पत्रको प्रतिलिपी वापत रु.१०० |
| | ग) म्याद समाप्त भएको मिति देखि आश्वीन मसान्त सम्म २० प्रतिशत |
| | घ) त्यसपछी पौष मसान्त सम्मको लाग्ने दस्तुरको २५% |
| | ङ) त्यसपछि आषाढ मसान्त सम्ममा रु. ३५% |
| | च) त्यसपछि प्रत्येक वर्ष रु. ५०% |
| | छ) टोल विकास संस्था दर्ता/ नवीकरण पुस मसान्त सम्म रु.५०० र सो पश्चात प्रति महिना थप रु.१०० |

**व्यवसाय नवीकरणमा जरिवाना शुल्क छुट सम्बन्धी व्यवस्थाः**

त्रियुगा नगरपालिकामा विगतमा व्यवसाय दर्ता गराई व्यवसाय नवीकरण नगरेका व्यवसायीहरूलाई एकपटकका लागि विशेष अवसर प्रदान गर्दै, व्यवसाय करसम्बन्धी जरिवाना शुल्कमा सत प्रतिशत छुट दिइनेछ।

उक्त छुट मिति २०८२ पौष मसान्तसम्म लागू हुनेछ। सो अवधि भित्र सम्बन्धित व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय नवीकरण गरिसक्नुपर्नेछ।

अनुसूची-५
(दफा ६ सँग सम्बन्धित)

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउनसक्ने जडिवुटी, कवाडी, जीवजन्तु करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटी,वनकस र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ,प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत वार्षिक रु. ३०००। का दरले कर लगाईने र असुल गरिनेछ।

कवाडी मालको हकमा वार्षिक रु. ५००। दरले कर लगाईने र असुल गरिनेछ।

**कवाडी सामान निकासी दर**

| क.स | विवरण | इकाई | आ.व.०८२/०८३को प्रस्तावित दररेट | कै |
|---|---|---|---|---|
| १ | खाली सिसि वियरको बोतल | प्रतिगोटा | ५० पै | |
| २ | अन्य ५०० एम.एम.भन्दा माथिको बोतल सिसी | प्रतिगोटा | ५० पै | |
| ३ | अन्य ५०० एम.एम.भन्दा मुनिको बोतल सिसी | प्रतिगोटा | २५ पै | |
| ४ | पुरानो कागज अखबार | प्रतिके.जि. | ५० पै | |
| ५ | अन्य कागज | प्रतिके.जि. | रु. १ | |
| ६ | प्लाष्टिक बोरा | प्रतिगोटा | २० पै | |
| ७ | फलामको टुक्रा | प्रतिके.जि. | रु २ | |
| ८ | जुटको खाली बोरा | १०० के.जीवाला | ५० पै | |
| ९ | जुटको खाली बोरा | ५० के.जीवाला | २५ पै | |
| १० | झिन्ड उनको | प्रतिके.जि. | रु २ | |
| ११ | पुरानो पित्तल तामा | प्रतिके.जि. | रु ४ | |
| १२ | सिलभर प्रति | प्रतिके.जि. | रु४ | |
| १३ | सिसाको धुलो वा टुक्रा | प्रतिके.जि. | रु३ | |
| १४ | खाली टिन ठूलो १० लिटर भन्दा माथि | प्रतिगोटा | रु२ | |
| १५ | खाली टिन ठूलो १० लिटर भन्दा मुनि | प्रतिगोटा | रु१ | |
| १६ | पुरानो ड्रम | प्रतिके.जि. | ५० पैसा | |
| १७ | गारमेन्ट कपडाको टुक्रा | प्रतिके.जि. | रु२ | |
| १८ | जलेको पुरानो मोविल ५ केजिको | प्रतिके.जि. | रु१ | |
| १९ | कारपेटको टुक्रा | प्रतिके.जि. | रु२ | |
| २० | पुरानो टायर टयूवहरु | प्रतिके.जि. | रु२ | |
| २१ | पोलेथिन | प्रतिके.जि. | रु१ | |
| २२ | जुट प्लाष्टिकको बोरा प्रयोग हुन नसक्ने | प्रतिके.जि. | २० पै | |
| २३ | थोत्रा टिन | प्रतिके.जि. | ।५० पै. | |
| २४ | प्लाष्टिकको बोतल, भाडाकुडा | प्रतिके.जि. | ।५० पै. | |
| २५ | थोत्रो काम नलाग्ने मेशिनरी औजार | प्रतिके.जि. | रु२ | |
| २६ | तेलको टिन १० लि. भन्दा बढी | प्रतिगोटा | रु२.०० | |
| २७ | तेलको टिन १० लि. भन्दा कम | प्रतिगोटा | रु१.०० | |

## अनुसूची—६

**(दफा ७ सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी साधन कर करको दर**

| | |
|---|---|
| १ | क) बस, ट्रक, लरी रअन्य हेभी गाडी रु. २५००।- |
| | ख) क्रेन, स्काभेटर, डोजर, लोडर रु ३०००।- |
| | ग) भाडाको कार, जिप रु. १०००।- |
| | घ) भाडाको टेम्पो रु. ३००।- |
| | ङ) भाडाको मिनी बस, ट्र्याक्टर रु. १,०००।- |
| | च) निजी कार, टेम्पो, मिनी बस, जीप रु.१०००।- |
| | छ) स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन रु. २००।- |
| | ज) ई रिक्सा रु.३०००।- |
| | झ) अटो रिक्सा. ५०००।- |
| | ञ) ई रिक्सा तथ अटो रिक्सा रुटपर्मिट ५०००। |

## अनुसूची—७

**(दफा ८ सँग सम्बन्धित)**

### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

| | |
|---|---|
| १ | नगर क्षेत्रभित्र लाईटहोडिङ्ग बोर्ड, ग्लो बोर्ड, 2D/3D वोर्ड प्रति वर्ग फिट रु. ५००।— वार्षिक |
| २ | नगर क्षेत्र भित्र होडिङ्गवोर्ड तथा फ्लेक्स वोर्डहरुवाट प्रति वर्ग फिट रु. १५०।— वार्षिक |
| ३ | व्यवसायिक भित्ते लेखन प्रतिवर्ग फिट रु. २०।— वार्षिक |
| ४ | सार्वजनिक तथा निजि स्थानमातुल व्यानर प्रति गोटा प्रति हप्ता रु. २००।- |
| ५ | सार्वजनिक स्थानमा गेट प्रति हप्ता रु ५०००।- |
| ६ | बेलुन,फेन्जर, छाता, डमी, स्टलहरुवाट प्रति दिन रु. २००।- |
| ७ | नगर क्षेत्रभित्रका होटल, रेस्टुरेन्ट, मल, कम्प्लेक्स, सिनेमा हल, पार्टी प्यालेस जस्ता मानिसहरुको भिडभाड हुने क्षेत्रमा सोही फर्मको व्यवसायिक नाम वाहेक अन्य प्रचार सामाग्रीहरु जस्तै ( स्टिकर, फोरेक्स, भिनालय, फ्लेक्स,ग्लोवोर्ड, डुमलाईट वोर्ड) राखि विज्ञापन गरेमा नगरपालिकाको आर्थिक ऐनको अनुसूचीमा उल्लेख भए बमोजिम फ्लेक्स र ग्लो वोर्ड सरह कर संकलन गर्न वाधा पर्ने छैन साथै नगरपालिका र ठेकेदार कम्पनी सँग समन्वय नगरी राखिएका कुनै पनि प्रकारका सचेतनामुलक बोर्डहरुमा समेत कर संकलन गर्न पाईने छ। सार्वजनिक स्थानमा गेट लगाउन नगरपालिकाको स्वीकृती नलिई लगाउन पाईने छैन । |

| क्रस | व्यवसायको प्रकार | न्युनतम निशुल्क विज्ञपान साईज (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| १ | “क” वर्ग | ३*१० | न्यूनतम भन्दा वढी विज्ञापन बोर्ड रहेमा प्रति वर्ग फिट रु २० थप गरी लिने । |
| २ | “ख” वर्ग | ३*७ | |
| ३ | “ग” वर्ग | ३*५ | |

**अनुसूची—८**
**(दफा ९ सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरञ्जन करको दर**

क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, थ्रियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा रु. २।- का दरले मनोरञ्जन कर लगाउने ।

ख) महोत्सव रु.२५०००

ग) जादु, सर्कश, चटक, मेला आदिमा प्रतिदिन रु. १००० मासिक रु.२५००० लगाउने ।

**अनुसूची—९**
**(दफा १० सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल विटौरी शुल्क**

| | | |
|---|---|---|
| १ | <u>विटौरी करः-</u> | |
| | नगरपालिकाले आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाटबजार सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा अस्थाई पसल राख्न दिए वापत वार्षिक प्रति वर्गफुट रु. १०।— का दरले लिने ।वार्षिक नवुझाएमा विलम्भ शुल्क १० प्रतिशत लाग्ने छ। | |

## अनुसूची–१०
### (दफा ११सँग सम्बन्धित)
### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सडक उपयोग शुल्क (सवारी पार्किङ्ग शुल्क)

| | |
|---|---|
| १ | **पार्किङ्ग शुल्क  पटके** |
| | क) भाडाका बस, ट्रक, ट्र्याक्टर, लरी र अन्य हेभी गाडी रु. १००।- |
| | ख) मिनी वस, माईक्रो वस रु .५०।- |
| | ग) भाडाका स्याक्सी, टेम्पो तथा ईरिक्सा  रु २०।- |
| | घ) अन्य सवारी साधन रु. १०। |
| | विदेशको नम्बर प्लेटको हकमा दोब्बर दस्तुर लाग्ने छ। |

## अनुसूची–११
### (दफा १२ सँग सम्बन्धित)
# नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दस्तुरः

**१.घर नक्सापास दस्तुरः**

| सि.नं. | विवरण | घरजग्गा नक्सा पास गराउनुपर्ने स्थानहरू र लाग्ने सेवा शुल्क (रु.मा) | | | |
|---|---|---|---|---|---|
| | | भुईं तल्ला वर्ग फिट मा | पहिलो तल्ला वर्ग फिटमा | दोस्रो तल्ला वर्ग फिटमा | तेस्रो तला भन्दा माथीको १००० वर्ग फिट भन्दा बढीको भवन निर्माण गर्नु परेमा स्ट्रक्चर डिजाईन पेश गर्नु पर्नेछ। सो को सवै तलामा लाग्ने प्रति वर्गफिट रकम |
| १ | आर.सी.सी.फ्रेम स्ट्रक्चर | १० | ११ | १२ | १५ |
